स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



जेनजी पुस्ताको आन्दोलनले केपी शर्मा ओली नेतृत्वको शक्तिशाली गठबन्धन सरकार ढलाएपछि अभिनेता अनमोल केसीले प्रधानमन्त्रीका रूपमा सुशीला कार्कीले शपथ लिनसाथ 'इतिहास रचियो' भन्दै खुसी व्यक्त गरेका थिए । उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'इतिहास रचियो ! नेपालले पहिलो महिला प्रधानमन्त्री पाएको छ । यो जित हाम्रो पुस्ताको साहसले सम्भव भएको, हो । यस्तो साहसी र युगान्तकारी परिवर्तनको साक्षी बन्न पाएकोमा साँच्चिकै गर्व लागेको छ ।'

**आजको विचार...**



अबको... (दुई पेजमा)

डा. नारायणप्रसाद निरौला



अभिनेता तथा निर्माता दीपकराज गिरीले जेनजी पुस्ताको आन्दोलनपछि आफूले निरन्तर धम्कीको सामना गर्नुपरेको दाबी गरेका छन् । फेसबुकमा एक पोस्ट लेख्दै उनले कलाकार भएर जेनजीलाई आन्दोलन गर्न उकासेको र उनीहरुतिर लागेको भन्दै केही सरकार पक्षधरले आफूलाई म्यासेज र फोनमार्फत धम्की दिएको बताएका छन् । उनले लेखेका छन्, 'मलाई आएको धम्कीको कुरा । अस्तिको दिनबाट केही मानिसहरूले मलाई पनि धम्काउन थालेका छन् । कहिले इनबक्समा त कहिले कल नै गरेर ।

❒ वर्ष ३१ ❒ अंक ५९ ❒ २०८२ भदौ २९ गते आइतबार 14 September 2025, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### आक्रमण १९ जना विद्यार्थीको मृत्यु

(रासस/एएफपी)

**क्याउक्ताव, राखाइन,** भद्रौ २८/ म्यानमाको पश्चिमी राज्य राखाइनमा भएको एक हवाई आक्रमणमा परी कम्तीमा १९ जना उच्च माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले ज्यान गुमाएका छन् । घटनाबारे जानकारी दिँदै सशस्त्र समूह अराकान आर्मी (एए) ले उक्त आक्रमण क्याउक्ताव नगरपालिकामा रहेका दुई निजी विद्यालयहरूमा भएको जनाएको छ । उक्त समूहले सार्वजनिक गरेको विज्ञप्तिअनुसार आक्रमण मध्यरातपछिको समयमा भएको हो, जसमा १५ देखि २१ वर्ष उमेर समूहका विद्यार्थीहरूको मृत्यु भएको र थप २२ जना घाइते भएका छन् । एएले आक्रमणका लागि म्यानमाको सैनिक सरकारलाई जिम्मेवार ठहर गरेको छ। "निर्दोष विद्यार्थीहरूको असमय निधनले हामीलाई पीडित परिवारसरह अत्यन्तै दु:खी तुल्याएको छ," विज्ञप्तिमा उल्लेख गरिएको छ । स्थानीय सञ्चारमाध्यम म्यानमार नाउ ले जनाएको विवरणअनुसार, सैनिक सरकारको युद्धक विमानले दुईवटा पाँच सय पाउन्डका विस्फोटक सामग्री विद्यालय भवनमाथि खसालेको थियो, जब विद्यार्थीहरू निद्रामा थिए । घटनापछि बाल अधिकारको संरक्षण गर्ने अन्तर्राष्ट्रिय संस्था युनिसेफले वक्तव्य जारी गर्दै यस आक्रमणप्रति गहिरो चिन्ता र दु:ख व्यक्त गरेको छ ।

## नेपालको इतिहासमा नयाँ कीर्तिमान

# पहिलो महिला प्रधानमन्त्रीमा सुशीला कार्की

**हाम्रा संवाददाता**

**पाल्पा,** भदौ २८/पहिलो महिला प्रधानमन्त्रीमा नियुक्त भएर सुशीला कार्कीले नेपालको इतिहासमा नयाँ कीर्तिमान राखेकी छन् । सर्वोच्च अदालतको पहिलो महिला प्रधानन्यायाधीश भएर इतिहास रचिसकेकी नवनियुक्त प्रधानमन्त्री कार्की देशको पहिलो कार्यकारी प्रमुख बन्न सफल भएकी हुन् ।

जेनजी आन्दोलनको जगमा कार्की नेपालको पहिलो महिला प्रधानमन्त्री बनेकी छन् । यससँगै कार्कीले दोस्रोपटक ऐतिहासिक व्यक्तित्वको इतिहास लेख्ने सौभाग्य पाएकी हुन् । जेनजी समूहको आन्दोलनको मागअनुसार राष्ट्रपति रामचन्द्र पौडेलले विषम र असाधारण परिस्थितिमा युवा पुस्ताद्वारा प्रकट गरिएको माग र आकांक्षाबमोजिम राजनीतिक दल र सरोकारवालासँगको परामर्शमा शुक्रबार राती उनलाई प्रधानमन्त्रीमा नियुक्त गरेका हुन् । प्रधानमन्त्री कार्कीको विराटनगरको शङ्करपुर-३ मा विसं २००९ जेठ २५



गते जन्म भएको हो । उनले महेन्द्र मोरङ कलेज विराटनगरबाट विसं २०२८ बिए र बनारस हिन्दू विश्वविद्यालयबाट २०३१ सालमा राजनीतिशास्त्रमा एमए गरेकी हुन् । कार्की नेपालको न्यायिक इतिहासमा समेत ऐतिहासिक व्यक्तित्व मानिन्छिन् । उनी नेपालको प्रथम महिला प्रधानन्यायाधीश हुन् । उनी २०७३ साल वैशाख ११ गते प्रधानन्यायाधीशमा नियुक्त भएकी थिइन् । यसरी उनको नियुक्तिले नेपालको न्यायपालिकामा मात्र नभई सम्पूर्ण समाजमा लैङ्गिक समानताको नयाँ ढोका खोलिदिएको थियो । कार्की आफ्नो इमानदार छवि, कडा निर्णय र निष्पक्षताका लागि चर्चित थिइन् । उनले भ्रष्टाचार, सुशासन, मानवअधिकार लगायतका मुद्दामा साहसिक र ऐतिहासिक फैसलाहरू गरेकी थिइन् । उनका निर्णयहरूले राज्यको नीतिगत तथा प्रशासनिक संरचनामा गहिरो प्रभाव पारेका छन् । उनी न्यायालयभित्र मात्र होइन, देशको राजनीतिक संक्रमणकालीन यात्रामा समेत प्रभावशाली न्यायाधीशका रूपमा स्मरण गरिन्छिन् । उनले क्षमता, इमानदारी र दृढताले महिलाले पनि राज्यका सबैभन्दा उच्च पदमा पुग्न सक्छन् भन्ने प्रमाणित गरेकी छन् । उनका संघर्ष र उपलब्धिहरू नेपालका महिला मात्र होइन, सम्पूर्ण न्याय र समानताका पक्षधरका लागि प्रेरणा बनेका छन् ।

नवनियुक्त प्रधानमन्त्री कार्कीले शुक्रबार शपथग्रहणलगत्तै प्रतिनिधि सभा विघटनको सिफारिस गरेकी थिइन् । राष्ट्रपति पौडेलले प्रधानमन्त्री कार्कीको सिफारिसबमोजिम भदौ २७ गते शुक्रबार राति ११ बजेदेखि लागु हुने गरी वर्तमान प्रतिनिधि सभा विघटन गरे । राष्ट्रपति पौडेलले २०८२ फागुन २१ गते बिहीबार प्रतिनिधि सभाको निर्वाचन गर्ने गरी मिति समेत तोकेका छन् । जेनजी अभियानको भदौ २३ र २४ गतेको आन्दोलनले नेपाली काँग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एमाले) को गठबन्धनलाई सत्ताच्युत गरेपछि सँघीय लोकतान्त्रिक गणतन्त्र नेपालले प्रथम महिला प्रधानमन्त्रीका रूपमा कार्कीलाई प्राप्त गरेको हो । आन्दोलनले देश तहसनहस भएलगत्तै राष्ट्रपति पौडेल र नेपाली सेनाको समन्वयमा निरन्तर संवाद भएको थियो । भदौ २५ र २६ गते राष्ट्रपति पौडेल, प्रधान सेनापति सिग्देल र जेनजीका प्रतिनिधिबिच संवाद भएको थियो ।

राष्ट्रपति पौडेलले पनि बिहीबार संविधानविद्सँग छुट्टै संवाद गरेका थिए । निरन्तर संवाद हुँदा पनि जेनजी अभियन्ता अलग अलग समूहमा विभाजित भएर आन्दोलनको स्वामित्व लिन खोजेपछि देशमा प्रधानमन्त्री नियुक्त गर्न ढिलाइ भएको थियो तर जेनजी आन्दोलनको अगुवाइ गर्ने समूहसँग प्रधान सेनापति सिग्देलले बुधबार, बिहीबार र शुक्रबार गम्भीर विमर्श गरेपछि जेनजीद्वारा प्रस्ताव पूर्वप्रधान न्यायाधीश कार्कीलाई प्रधानमन्त्री नियुक्त गरिएको हो ।

# लुटपाटमा संलग्न शिक्षकलाई निष्कासन



कालिका मानवज्ञान माध्यमिक विद्यालय
KALIKA MANAVGYAN SECONDARY SCHOOL
[illegible]
बुटवल-१०, रुपन्देही
Butwal-10 Rupandehi
लुम्बिनी प्रदेश (वि.स. २०१८)
Lumbini Province [1961 A.D.]

पत्र संख्या Letter no: 082/083
चलानी नं. Ref. no.:

School Code : 48024
NEB Code : 4947

मिति २०८२/०५/२८

कारवाही सम्बन्धमा ।

मिति २०८२ साल भदौ २४ गते भएको Gen-Z को प्रदर्शनमा यस विद्यालयका शिक्षक शिवशङ्कर शुक्ला सहभागि भई बुटवलको मुक्तिनगर स्थित भाटभटेनी सुपर मार्केटमा भएको अनियमिततामा समेत संलग्न रहेको देखिएकाले, विद्यालयको आचरण संहिता तथा नियम विपरित कार्य गरेको ठहरिएकाले निज शिक्षकलाई आजैको मितिदेखि लागु हुने गरी विद्यालयबाट हटाइएको व्यहोरा जानकारी गरिन्छ ।

दिनेश थापा
प्रधानाध्यापक

**बुटवल,** भदौ २८/बुटवलको भाटभटेनी सुपरमार्केटको लुटपाटमा संलग्न भएको भन्दै एक शिक्षकलाई निकाष्सन गरिएको छ ।

भदौ २४ गते राति भएको लुटपाटमा संलग्न भएको भन्दै कालिका मानव ज्ञान माविले विद्यालयका शिक्षक शिवसंकर शुक्लालाई कारबाही गरी पदबाट निष्कासन गरेको हो । लुटपाटमा संलग्न भएको तस्बिर र भिडियो सार्वजनिक भएपछि उनलाई विद्यालयले स्पष्टीकरण मागेको थियो । तर, शुक्लाले त्यसको जवाफ दिन नसकेपछि विद्यालयले निकाष्सन गरेको हो ।

# हट्यो कर्फ्यु र निषेधाज्ञा, जनजीवन सामान्य

**पाल्पा,** भदौ २८/नयाँ सरकार गठन भएसँगै देशभर आम नागरिकको जनजीवन सामान्य बनेको छ । सोमबार भएको जेनजीको आन्दोलन र मंगलबारको प्रदर्शनका कारण उत्पन्न परिस्थितिलाई मध्यनजर गरी देशका विभिन्न क्षेत्रमा केही दिनअघिदेखि लगाइको कृर्यु र निषेधाज्ञा हटेपछि जननीवन सामन्य बन्दै गएको हो ।

शनिबार बिहानदेखि धेरैजसो जिल्लामा स्थानीय प्रशासनले कृर्यू र निषेधाज्ञा हटाउँदै गएका छन् । केही जिल्लामा दिउँसो निषेधाज्ञा र राति कृर्यु जारी रहे पनि दैनिकी लयमा आउन थालेको छ । चार दिनदेखि बन्द रहेका बजारमा मानिस र गाडीको चहलपहल हुन थालेको छ । काठमाडौं उपत्यकाका तीनवटै जिल्ला प्रशासनले निषेधाज्ञा र कृर्यु हटाएसँगै सडकमा निजी सवारीसाधन र सर्वसाधरणको चहलपहल बढ्न थालेको छ । सोमबारदेखि बन्द रहेका सार्वजनिक सवारीसाधन पनि आइतबारदेखि पूर्ण रूपमा सञ्चालनमा आउने भएका छन् । चितवन, पूर्वी नवलपरासी,




सुर्खेतलगायत जिल्लामा शनिबार बिहानदेखि निषेधाज्ञा हटाइए पछि जनजीवन सामान्य बन्दै गएको छ । स्थिति सामान्य भएकाले निषेधाज्ञा हटाइएको प्रमुख जिल्ला अधिकारीहरुले जनाएका छन् । जनजीवन सामान्य हुँदै गएपछि रुपन्देहीका विद्यालय पनि आइतबार आजबाट नियमित रूपमा सञ्चालनमा आउने भएका छन् । शनिबार प्याब्सन रुपन्देहीका अध्यक्ष दीपक खनाल, नेशनल प्याब्सन रुपन्देहीका अध्यक्ष बाबुराम बन्जाडे र हिसानका अध्यक्ष कृष्णबहादुर न्यौपानेले संयुक्त रूपमा विज्ञप्ति जारी गरी विद्यालय सञ्चालन हुने बताएका हुन् । शान्ति सुरक्षाको अवस्था सामान्य रहेको छ । भ्रष्टाचारविरुद्ध र सुशासन प्रवर्द्धनको नाराकासाथ अघि बढेको जेनजी पुस्ताको मागअनुरूप पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीका नेतृत्वमा नयाँ सरकार गठन भएको छ । आमनागरिकको चाहनाअनुरूप मुलुकमा शान्ति सुव्यवस्था र कानुनी राज्यको अनुभूति दिलाउँदै वर्तमान सरकारले तोकिएको समयसीमाभित्र निर्वाचन गराई सत्ता हस्तान्तरण गर्ने छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## बालबालिकाको अवस्था र बालदिवस

हरेक वर्ष भदौ २९ गते राष्ट्रिय बालदिवस मनाउने गरिन्छ । आज पनि विविध कार्यक्रमहरुको आयोजना गरी दिवस मनाउन लागिएको छ । सन् १९९०, १४ सेप्टेम्बरमा नेपालले बालअधिकार सम्बन्धी महासन्धिलाई अनुमोदन गरेको विशेष दिनका रुपमा यो दिवस मनाउने गरिएको हो । वि.स.२०२१ भदौ ४ गतेदेखि तत्कालीन रानी रत्न राज्यलक्ष्मी शाहको जन्मदिनको अवसर पारेर मनाउन सुरु गरिएको यो दिवस ०६२/६३ को दोस्रो जनआन्दोलनपछि भदौ २९ गतेलाई बालदिवसका रुपमा मनाउन थालिएको हो ।

आज बालअधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी संघसंस्थाको अगुवाईमा देशभर बालअधिकारप्रति प्रतिवद्धता र जनचेतना बढाउने उद्देश्यले कार्यक्रम हुँदै छन् । यद्यपि राष्ट्रिय बालदिवस मनाउनुको एउटा सकारात्मक पक्ष त देखा परेको छ तर बालदिवस औपचारिकतामा मात्रै सीमित रहेको छ । यो भने दुःखको कुरा हो । खासगरी बालबालिकाको लागि चाहिने आधारभूत हकअधिकार वा उनीहरुको संरक्षणको सवालमा हामीले कति उपलब्धि हासिल गर्न सक्यौं वा सकेनौं ? त्यस्ता पर्वले पनि राष्ट्रिय बाल दिवसको सार्थकतालाई मापन गर्न सकिन्छ ? खासगरी विश्वव्यापी रुपमा बालबालिकाको अधिकारलाई सुनिश्चित गर्नु राज्यको दायित्व हो । तर त्यो दायित्वबाट सरकार चुकेको छ । बालबालिकाको शिक्षा, स्वास्थ्य, संरक्षण र सहभागिताको अधिकारलाई सुनिश्चित हुन सकेको छैन् । नेपालमा बालश्रम अन्त्य हुन सकेको छैन । अझै पनि सडक बालबालिका, बाल मजदुर, होटल तथा रेस्टुरेन्टका बालश्रमिक र सवारी साधनमा काम गर्ने बालबालिकाका दुःख, पीडा र यातना उस्तै छन् । राजनीतिक दलका नेताले सार्वजनिक रुपमा भाषण र आफ्ना पार्टीका घोषणापत्रमा जतिसुकै बालश्रम अन्त्य गर्ने प्रतिवद्धता व्यक्त गरेपनि बालश्रम ज्यूँका त्यूँ छ । हरेक दिनजसो बालश्रम सम्बन्धी घटनाहरु घटिरहेका छन् । अहिले बालश्रम मानव विकासका लागि एक प्रमुख अवरोध मात्र होइन समृद्धिका लागि प्रमुख चुनौती समेत बनेको छ । बालदिवस त बालबालिकाले रमाइलो गर्ने, सिर्जनात्मक प्रतिभा देखाउने, खुसी मनाउने दिन पनि हो । बालबालिकाले आफ्नो अस्थित्व र महत्व महसुस गर्ने दिन पनि हो । यसर्थ यस दिवसलाई सोही अनुरुप घर घरमा, परिवार परिवारमा पुगेर मनाउन सकियो भने मात्र दिवस मनाउनुले सार्थकता प्राप्त गर्दछ ।

### Opinion @ Social Network

खाली थाल छ भन्दैमा माग्ने नठान्नु
कसैलाई बाडेर सकिएको पनि त हुन सक्छ
(प्रकास रसाइलीको फेसबुक स्टाटसबाट www.facebook.com/Prakash Rasaili)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# अबको बाटो



डा. नारायणप्रसाद निरौला

*चोटको अपूरणीय क्षति आज देशले भोगेको छ । हरेक पक्षको सूक्ष्म समीक्षा आज आवश्यछ । मर्माहत घाउमा मलम लागउन सक्नुपर्दछ । नयाँ मार्गचित्रका साथ अघिबढ्नुको विकल्प देखिँदैन । संकटको सामना त गर्नु नै छ । अरुलाई दोष दिनुभन्दा पनि आफ्नो कमजोरी पत्तालगाई विकल्पको व्यवस्था गर्नु आज नितान्त आवश्यक छ । समय बलबान हुन्छ । सबैका दिन आउँछन् । त्यो समयले बताउँदै जान्छ । सहन सक्ने बानीको विकासका साथै आफू आत्मनिर्भर रहने बाटोतर्फ अघि बढ्नु आज आवश्यक देखिन्छ । धमिलो पानीमा माछा मार्ने प्रवृत्तिबाट हामी सदा सचेत रहन सक्नुपर्दछ । अस्थिरता एवं तरलताको फाइदा उठाउने शक्ति पनि यस समयमा सक्रिय रहन्छन् । अराजक वृत्तिको विकास हुँदै जानसक्छ । कानुनी शासनको प्रत्याभूति तत्काल दिनसक्नु पर्दछ । सुशासन, न्याय एवं देश र जनताको आवश्यकतालाई सम्बोधन गर्न सक्नुपर्दछ ।*

वर्तमानको विषम परिस्थितिको दर्शक र भोक्त बन्नुपर्दा निःशब्द, बेचैन र अस्थिरताले निकै गाज्यो । कलिला मुना निमोठिएको दृश्य निकै हृदयविदारक रह्यो । आवेगले अनेक क्षति पुग्न गयो । आन्दोलनमा स्वर्थ समूह पनि हावी भए जसले नहुनुपर्ने घटना पनि घट्न पुगे । नेतृत्वकर्ताले बेलामा परिस्थिति बुझ्न नसक्दा, आफ्नो व्यक्तिगत स्वार्थबाट माथि उठ्न नसक्दमा नै देशले आज अपूरणीय क्षतिको मार खेप्नुपरेको वर्तमान परिस्थिति देखिन्छ । नेतृत्वले नै राम्रो र नराम्रो दुबै परिस्थिति सिर्जना गर्दछन् । नेतामा विवेको विर्को लाग्दा देश र जनताले अकल्पनीय चोट सहनुपर्ने परिस्थिति बन्न पुग्छ । विश्वइतिहासका घटनाले पनि यही दर्शाएका छन् ।

इतिहासका पाना समयसँगै पल्टिदै जान्छन् । समयले दिएका आरोह अवरोह सबै भोग्नुको विकल्प छैन । मानव सचेत प्राणी भएकाले हरेक क्षेत्रमा बुद्धिको प्रयोग आवश्यक रहन्छन् । चोटको अपूरणीय क्षति आज देशले भोगेको छ । हरेक पक्षको सूक्ष्म समीक्षा आज आवश्यछ । मर्माहत घाउमा मलम लागउन सक्नुपर्दछ । नयाँ मार्गचित्रका साथ अघिबढ्नुको विकल्प देखिँदैन । संकटको सामना त गर्नु नै छ । अरुलाई दोष दिनुभन्दा पनि आफ्नो कमजोरी पत्तालगाई विकल्पको व्यवस्था गर्नु आज नितान्त आवश्यक छ । समय बलबान हुन्छ । सबैका दिन आउँछन् । त्यो समयले बताउँदै जान्छ । सहन सक्ने बानीको विकासका साथै आफू आत्मनिर्भर रहने बाटोतर्फ अघि बढ्नु आज आवश्यक देखिन्छ । धमिलो पानीमा माछा मार्ने प्रवृत्तिबाट हामी सदा सचेत रहन सक्नुपर्दछ । अस्थिरता एवं तरलताको फाइदा उठाउने शक्ति पनि यस समयमा सक्रिय रहन्छन् । अराजक वृत्तिको विकास हुँदै जानसक्छ । कानुनी शासनको प्रत्याभूति तत्काल दिनसक्नु पर्दछ । सुशासन, न्याय एवं देश र जनताको आवश्यकतालाई सम्बोधन गर्न सक्नुपर्दछ । धार्मिक एवं जातीय विभेदका लप्का छोडेर अस्थिताको आगो सल्काउने पनि सक्रिय रहनसक्ने समय हो यो । हरेक व्यक्ति यसमा सजग हुनुपर्दछ । सङ्क्रमणकाल यसै पनि अस्थिर र संवेदनशील हुन्छ । जसमा सचेत रहनु र तदनुसार अघि बढ्नु आवश्यक हुन्छ ।

आजका युवामा प्राविधिक ज्ञान छ । आजको समय पनि प्रविधिको हो । जसरी इजरायलले प्रविधिका क्षेत्रमा फड्को मारेको छ त्यसै गरी हामी पनि अघिबढ्न सक्नुपर्दछ । आजको युग नै प्रविधिमा आधारित भइसकेको छ । यसको अधिकतम उपयोग गरी देशलाई समुन्नत बनाउन सकिन्छ । विद्यालयशिक्षदेख नै हरेक पक्षमा व्यक्तिलाई समर्थ बनाउँदै लैजाने अवको पाठ्यक्रम हुनुपर्दछ । हरेक व्यक्ति हरेक कुरामा अब्बल रहनसक्नुपर्दछ । गरे हुन्छ । देशका आवश्यकतालाई सम्बोधन गर्नसक्ने विषयवस्तुको चयन गरिनुपर्दछ । राष्ट्रिय भावनाको जागृत गराउनुपर्दछ । अहिंसाको मार्गमा अघिबढाउन सक्नुपर्दछ । प्रविधिको उच्चतमा प्रयोगमा जोड दिन सक्नुपर्दछ । कार्य प्रभावकारितामा विशेष ध्यान दिनु आवश्यक हुन्छ । हुन त भनाइ र गराइमा फरक हुन्छ । भन्नेले नगर्न पनि सक्छन् । अब त्यो सामर्थ्यको विकासमा पनि हामी अग्रसर रहनसक्नुपर्दछ । हिजो परमाणु बमको आघात सहेर पनि आज संसारको शक्तिसम्पन्न देश बनेको जापान हाम्रा लागि उदाहरणीय छ । दृढसङ्कल्प, लगन र परिश्रम नै उन्नतिका आधार हुन् । स्रोत र साधनमा हामी धनी छौँ । संसारमा कुनै कुरा पनि अनुपयुक्त छैन । प्रयोग गर्न सके हरेक कुरा हाम्रा लागि वरदान हुन् । संयोजन गर्न जान्नु पर्दछ : 'अमन्त्रमअक्षरं नास्ति नास्तिमूल मनौषधम् । अयोग्य पुरुषो नास्ति योजकस्तत्र दुर्लभ ।' अर्थात् हरेक अक्षर मन्त्र हुन् मन्त्रहीन अक्षर छैन । हरेक अक्षरमा मन्त्रशक्ति विद्यमान छ । सबै जडिबुटीमा औषधीय तत्व अन्तर्निहित छ । हरेक व्यक्तिमा कुनै न कुनै प्रकारको प्रतिभा छ । व्यक्ति पनि अयोग्य हुँदैन केवल प्रयोगको अभावमात्र हो । योजकको कमीमात्र हो । हरेकमा कुनै न कु शक्ति विद्यमान हुन्छ । त्यो चिन्ने र प्रयोग गर्ने व्यक्तिको अभावमात्र हो । त्यो खोजी गर्न सक्नुपर्दछ । जसबाट यही राम्रा रोजगार सृजना हुन्छ, हामी आत्मनिर्भरताको बाटोमा लकिम्न सक्छौँ । अबको मूल ध्येय पनि आफूभित्रको उपयोगी तत्व चिन्नेर कार्यान्वयन गर्ने हुनेपर्दछ । यो संसार हो । यहाँ हरेक वस्तुहरूको उपयोग हुन सक्छ । कसरी र कुन ठाउँ र अवस्था भन्नेमात्र पत्ता लगाउनु आवश्यक छ । यस्ता विषयवस्तुको गवेषणमा लाग्नु र तदनुरूप प्रयुक्त हुनु आज आवश्यक देखिन्छ । आज आमनेपालीको प्रवृत्ति आलसी बनेको छ । जसले गर्दा हामी परनिर्भरको पराकाष्ठामा पुगिरहेका छौँ । खेतीयोग्य जमिनलाई घडेरीमा परिणत गरेर सिमेन्टका ढाँड विस्तार गरिरहेका छौँ । जसले आज परनिर्भ बनाइरहेको छ । खेतीयोग्य जमिन बाँझै छ तर हाम्रो ध्यान त्यता जान सकेको छैन । हामी सुख भोग गर्न त खोजिरहेका छौँ तर सुखी बन्न सकिरहेका छैनौँ । दूध चाहिन्छ तर गाई पाल्न छाडेका छौँ । यसैले हरेक कुरामा समीक्षा गर्नु आवश्यक छ । यसैले भनिएको छ 'अलसस्य कुतो विद्या अविद्यस्य कुतो धनम् । अधनस्य कुतो मित्रं अमित्रस्य कुत सुखम् ।' अर्थात् अल्छी गर्नाले ज्ञानको ढोका बन्द हुन्छ । यसको साथसाथै धन पनि प्राप्त गर्न कठिन हुन्छ । धन नभएपछि मित्र पनि पर पर सर्छन् र सुख पनि हराएर जान्छ । आफू सबल भइयो भने मित्रको हेर्ने दृष्टि पनि सकारात्मक हुन्छ । यो व्यक्ति र देश सर्वत्र लागू हुने कुरा हो । सहकार्य अबको बाटो हुनु आवश्यक छ । चित्तलाई स्थिर बनाएरमात्र समृद्धिको मार्गमा अघि बढ्न सकिन्छ । 'सह नाववतु सह नौ भुनक्तु, सह वीर्यं करवावहै,तेजस्विनावधीतमस्तु मा विद्विषावहै' यत्तिकै उपनिषद्ले बताएका होइनन् । सर्वप्रथम त हामीमा सहनशक्ति हुनुपर्दछ । विपत्तिमा पनि धैर्य रहेर अघि बढ्न सक्नुपर्दछ । एक्लैले समस्याबाट पार पाउन असम्भव छ । अतः सबै मिलेर समस्याको सामना गर्नु पर्दछ । हामी सबै एकजुट भयौँ भने हरेक समस्या पर्घेल्न सकिन्छ तर आफैँमा फुटेर समस्याको समाधान असम्भव छ । 'भाइ फुले गँवार लुटे'को उक्ति चरितार्थ हुनसक्छ । त्यसैले हामी सहवीर्यं करवावहैको सिद्धान्तमा सम्मिलित हुनु जरुरी छ । सबै मिलेर हाम्रो सामर्थ्यलाई मजबुत बनाउनुपर्दछ । द्वेष आफ्नै शत्रु हो । द्वेषको भावाले होइन सहकार्यको भावनाले मात्र उन्नति सम्भव छ ।

त्यसैले सबै मिलेर एकजुट भई समस्याको समाधान गर्न सक्नुपर्दछ । अबको नेतृत्वले यी र यस्ता विष्यवस्तुको सूक्ष्म विश्लेषण गर्नुपर्दछ । केही गर्नभन्दा पनि कमाउन पदमा पुग्ने प्रवृत्तिले नै आजको आन्दोलन निम्त्याएको हो । हामी हरेक कुरामा समृद्ध छौँ । प्रकृतिले साथ दिएको छ । आफूमै रहेको आन्तरिका स्रोत र साधनको सदुपयोगभन्दा पनि हामी देखासिकीमै विदेशी बन्धनमा परिरहेका छौँ । जसले गर्दा समस्या निकै विकराल बनेर हामी सामु खडा भइरहेको छ । अनि त्यही समस्याबाट भयभीत बनेर हामी अर्काको शरणमा जान्छौँ जसले गर्दा हामीलाई परावलम्बी बनाइरहेका हुन्छन् । आज भोग्नुपरेको हरेक विसम परिस्थिति हामीले नै सिर्जना गरेका हौँ । सहनाववतुको मर्म बुझ्न बुझाउन र अनुसरण गर्न नसक्दाको परिणति नै विसम परिस्थितिको पाहाड भएकाले यसलाई चिर्न आत्मबल दह्रो बनाएर अघि बढ्नु आवश्यक छ । निश्चिय नै आज मन विचलित छ । हरेक विषयवस्तु शून्यप्राय बन्न पुगेका छन् । धेरै भौतिक क्षति हुन पुगेको छ । अब अरूको आलोचना गर्नेभन्दा पनि स्वयं आफ्नो आत्मालोचना गरी अघि बढ्ने समय आएको छ । दोष सबैमा हुन्छन् । दोषभित्रको गुण र गुणभित्रको दोषलाई अब देख्न र गुणलाई ग्रहण गर्न सक्नुपर्दछ । नीरक्षिर विवेकी हुनु आज आवश्यक छ । अरूलाई दोष दिएर पन्छिनेभन्दा पनि आफूभित्रको सामर्थ्य प्रकट गर्ने र सत्मार्गमा अघिबढ्ने दिशानिर्देश हुनु आवश्यक देखिन्छ । समृद्धि सम्भव छ । सबैले आआफ्ना स्थानबाट लागिपर्नु आवश्यक देखिन्छ ।

**-ईहिमालय टाइम्स डटकम**

### महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०७९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल १९५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मनमा शंका उत्पन्न हुनेछ। रोजगार र व्यापार व्यवसायमा नयाँ अवसर मिल्ला। | **तुला** : शुभ सूचना मिल्ला । कार्यक्षेत्रमा धैर्य वा पराक्रममा वृद्धि हुनेछ । |
| **वृष** : प्रतियोगी परीक्षामा सफल भइने छ । अन्तर्वार्ता गर्दा सावधानी अपनाउनुहोस्। | **वृश्चिक** : कार्यक्षेत्रमा धैर्य वा पराक्रममा वृद्धि हुनेछ । |
| **मिथुन** : प्रतिष्ठित कार्य गर्ने अवसर र हेको छ।पारिवारिक सद्भावमा वृद्धि हुनेछ। | **धनु** : पिताकरो स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ ।यात्रा कष्टदायी रहेको छ। |
| **कर्कट** : आलस्यले गर्दा हात परेका अवसर हरू हातबाट जानसक्छ सावधान रहनुहोस्। | **मकर** : मनमा उत्साह र लगनशीलताले समयलाई अनुकूल बनाउन सकिनेछ। |
| **सिंह** : आर्थिक पक्ष सबल रहनेछ। कार्यक्षेत्रमा नयाँ अवसरले पछ्याउनेछ। | **कुम्भ** : पारिवारमा सन्तुलन बनाएर राख्ने प्रयास गर्नुहोस्। |
| **कन्या** : सवारी साधन चलाउँदा सावधान रहनुहोला चोट पटक लाग्न सक्नेछ । | **मीन** : आत्मबल र प्रसिद्धिमा वृद्धि हुने छ । धर्मकर्ममा मन जानेछ। |

**कृषि**

# देउकुमारको कृषि फार्ममा तीस लाखको रायोको साग



भद्रपुर नगरपालिका-१ का देउकुमार लिङ्देनको कृषि फार्ममा यति बेला रायोको साग बिक्रीका लागि तयार भएको छ । उनले यस वर्ष दुई स्थानमा गरी एक बिघा जमिनमा बेमौसमी रायोको साग लगाएका छन् । 'दैनिक चार पाँच क्विन्टल जति उत्पादन हुन्छ', लिङ्देनले भने,'बजारमा प्रतिकेजी रु एक सयदेखि १२० सम्ममा बिक्री हुँदै आएको छ । यसपालि मनग्य आम्दानी होला जस्तो छ ।' उनले यस सिजनमा मात्र रु ३० लाखको साग बिक्री गर्ने लक्ष्य सुनाउनुभयो । 'लगानी र खर्च कटाएर रु १० लाख नाफा हुन्छ भन्ने आशा छ', लिङ्देनले भने,'गत वर्ष १५ कठ्ठामा लगाएको साग खेतीबाट रु १८ लाख आम्दानी भएको थियो ।' वैदेशिक रोजगारीको सिलसिलामा ११ वर्ष मलेसिया बसेर फर्किएका लिङ्देनले स्वदेशमै परिवारसँगै बसेर व्यवसाय गर्ने उद्देश्यले २०७३ मा लिङ्देन कृषि फार्म सुरु गरेका थिए । त्यसयता उनले बर्सेनि साग बेचेरै उल्लेख्य आर्जन गर्दै आएका छन् । लिङ्देनले उत्पादन गरेको साग चन्द्रगढी, भद्रपुर मात्र नभएर र बिर्तामोड नगरपालिकास्थित कृषि थोक बजारमा बिक्री हुँदै आएको छ । उनले १० वटा पोखरीमा माछापालनसमेत गरिरहेको बताए। सोही माछा पोखरीको डिलमा समेत साग उत्पादन हुँदै आएको छ । मलेसियामा हुँदा सागसब्जी र फूलखेतीमा काम गरेको अनुभवले आफ्नै देशमा केही गर्न सहज भएको लिङ्देनको भनाइ छ । भद्रपुर-१ मा भइरहेको व्यावसायिक खेतीमा १८ जनाले रोजगारी पाइरहेका छन् । उनीहरूले फार्ममा साग गोड्ने, मल हाल्ने, टिप्ने र बजार लैजाने कार्यमा सहयोग गर्छन् । 'सुरुमा लाभदायक हुन्छ कि हुँदैन भनेर दुई कठ्ठाबाट साग उत्पादन सुरु गरेको थिए । उत्पादन र त्यसको मागसमेत राम्रो भएपछि खेती बढाएर एक बिघामा बिस्तार गरेको हुँ । मौसमीभन्दा बेमौसमी खेतीबाटै फाइदा लिइरहेको छु', लिङ्देनले भने । कात्तिक-मङ्सिरमा अरूले पनि साग उत्पादन गर्ने र भाउ नहुने हुँदा आफूले सधैँ साउन-भदौ महिनामै बेमौसमी साग उत्पादन गर्दै आएको उनले बताए ।

**-रासस**

# मुस्ताङको ४७० हेक्टर क्षेत्रफलमा आलुखेती



हिमाली जिल्ला मुस्ताङमा कूल ४७० हेक्टर क्षेत्रफलमा आलुखेती हुँदै आइरहेको छ । यस वर्ष यहाँका पाँच पालिकामा गरिएका आलु उत्पादनको प्रारम्भिक सर्वेक्षणअनुसार शुन्य दशमलव शुन्य नौ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

आव २०८२/८३ मा यहाँका पाँचै पालिकाको कूल ४७० हेक्टर आलु उत्पादन क्षेत्रमा आठ हजार ४९६ मेट्रिकटन आलु उत्पादन हुने अनुमान गरिएको कृषि ज्ञान केन्द्रका कार्यालय प्रमुख राजेश गुरुङले जानकारी दिए । यस वर्षको आलु उत्पादकत्व १८ दशमलव ४७ प्रति हेक्टर रहने केन्द्र प्रमुख गुरुङले उल्लेख गरे । गत आव २०८१/८२ मा यहाँ ४६० हेक्टर क्षेत्रफलमा आठ हजार ४५४ मेट्रिकटन आलु उत्पादन भएको थियो ।

गत वर्ष आलुको उत्पादकत्व प्रतिहेक्टर १८ दशमलव ३८ प्रतिशत रहेको कृषि ज्ञान केन्द्रको तथ्याङ्कमा उल्लेख छ । केन्द्र प्रमुख गुरुङका अनुसार गत वर्षको तुलनामा यस वर्ष ४१ दशमलव शुन्य दुई प्रतिशत आलु उत्पादन हुने जनाइएको छ । उच्च भूगोल र यहाँको चिसो शीतोष्ण हावापानीमा उत्पादन हुने आलु स्वादिलो र पोषिलो हुने गर्छ । यसैले यहाँको मुस्ताङी आलु सहज/बजारका उपभोक्ता रुचाउने गर्छन् । चिसो हावापानी र हिउँले सिञ्चित यहाँको खेतीयोग्य जमिनमा उत्पादन हुने विषादीरहित जैविक हुने भएकाले उपभोक्ता यहाँको आलुप्रतिको आकर्षण बढ्दो रहेको छ । यहाँ स्याउ बगैँचाभित्र किसानले अन्तरबालीका रुपमा आलुखेती गर्दै आइरहेको पाइन्छ । यहाँ सबैभन्दा बढी उपल्लो मुस्ताङ र बारागुङ मुक्तिक्षेत्रमा उत्पादन हुने आलुलाई थप विशेष महत्व दिने गरिएको छ । समुद्री सतहको दुई हजार ७०० मिटर माथिको क्षेत्रमा उत्पादन हुने भएकाले स्थानीयको आकर्षण उपल्लो मुस्ताङको आलुतर्फ बढेको हो । त्यसो त घरपफ्रोङ र थासाङमा पनि किसानले आलुखेतीलाई विशेष महत्व दिएर खेती गर्दै आइरहेको पाइएको छ ।

मुस्ताङको तल्लो क्षेत्रमा किसानले फागुनमा आलुको बीउ रोपेर भदौ महिनामा आलु निकाल्न थाल्छन् । उपल्लो मुस्ताङमा चैत/वैशाखमा आलुको बीउ रोपेर असोज/कात्तिकमा खेतबारीबाट आलु खन्न सुरु गर्छन् । नगदेबाली भएको र सडक यातायातको सजह पहुँच भइसकेकाले यहाँ उत्पादित आलुको बजारीकरणमा कुनै समस्या नरहेको कृषि ज्ञान केन्द्रले जनाएको छ । यहाँ विकासे आलु र स्थानीय परम्परागत लोकल सेतो आलु उत्पादन हुने गरेको केन्द्र प्रमुख गुरुङको भनाइ छ । यहाँ विकास रातो आलु आंशिक उत्पादन हुने गरे पनि यहाँका किसानले बढीमात्रामा स्थानीय सेतो आलुको खेती गर्ने गरेको गुरुङले उल्लेख गरे । यहाँ उत्पादन हुने आलु ६० प्रतिशत जिल्ला बाहिर निकासी हुने गरेको केन्द्रले बताएको छ । बाँकी ३० प्रतिशत आलु यही घरायसी प्रयोजन तथा होटल रेष्टुरेन्टमा खपत हुने र उत्पादित १० प्रतिशत आलुको बीउका रुपमा स्थानीय किसानले बिक्रीवितरण गर्ने गरेको केन्द्र प्रमुख गुरुङले बताए । घरपफ्रोङ-५ ठिनीका किसान महेन्द्र थकालीले यहाँ किसानले उत्पादन गर्ने आलु सहजै बिक्री हुने गरेको बताए । उनले प्रतिपाथी यहाँको आलु रु २०० मा बिक्री भएको उल्लेख गरे । 'आलु उत्पादन गरेर हाभेस्ट मात्रै गरेपछि आलु व्यापारी किसानको खेतमै पुगेर सङ्कलन गर्ने गरेका छन्', उनले भने,'पैसा नगद पाइने र आलु खनेपछि बजार पुऱ्याउनुपर्ने समस्या छैन ।' उनले मुस्ताङमा उत्पादन हुने आलु पोखरा-काठमाडौँलगायत सहरको तारे होटलसम्म पुग्ने गरेको जानकारी दिए ।

आलुखेती गर्दै आइरहेका कृषि समूह, सहकारी र फर्मलाई यहाँका स्थानीय तह, कृषि ज्ञान केन्द्र तथा राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइले विभिन्न अनुदानका कार्यक्रम सञ्चालनमा ल्याउने गरिएको छ । यसबाट पनि यहाँका किसान स्याउखेती जस्तै आलुखेतीमा लाभान्वित हुँदै आइरहेको पाइएको छ ।**-रासस**

# दुग्धजन्य संकलन र ढुवानीमा सहजता ल्याउन आग्रह




जेनजी आन्दोलनपछिको विषम परिस्थितिमा दुग्ध उत्पादन र वितरणमा पनि समस्या देखिएको छ । दुग्ध विकास बोर्डले आवश्यक सहजीकरण गर्न सरोकार निकायलाई आग्रह गरेको छ ।

शुक्रबार बोर्डका कार्यकारी निर्देशक राजेन्द्रप्रसाद यादवले विज्ञप्ति जारी गरी दुध मानव जीवनमा अपरिहार्य खाद्यपदार्थ भएकाले यसको संकलन, प्रशोधन र वितरणमा अवरोध नहुने सुनिश्चित गर्न आग्रह गरेका छन् । यसअघि केन्द्रीय दुग्ध सहकारी संघ लिमिटेड र डेरी उद्योगहरूले दुग्धजन्य उत्पादन र वितरणमा अवोध नगर्न अपिल गरेका थिए । किसानहरूबाट उत्पादित कच्चा दूध सहजै संकलन गर्न सम्बन्धित उद्योगीहरूलाई समेत आग्रह गरिएको छ । बोर्डले दुग्ध उत्पादक किसानलाई मार नपरोस् र उपभोक्ताले आवश्यक दूध तथा दुग्ध पदार्थ सहजै पाउन सकुन् भनेर सबै पक्षलाई जिम्मेवार रहन आह्वान गरेको छ ।

**-रातोपाटी डटकम**

# एकै वर्षमा ५४ लाखको छुर्पी निर्यात



यस वर्ष बागलुङबाट रु ५४ लाख बराबरको छुर्पी निर्यात भएको छ । दूध र दुग्धजन्य पदार्थको बिक्री वितरण गर्दै आएको बागलुङ दुग्ध उत्पादक सहकारी सैले आर्थिक वर्ष २०८१/८२ मा रु ५४ लाख ८८ हजार २४० बराबरको निर्यात गरेको सैका अध्यक्ष दीपक गौतमले बताए ।

अध्यक्ष गौतमका अनुसार बागलुङमा उत्पादित अधिकांश छुर्पी अमेरिका पुग्ने गरेको छ । अमेरिकामा कुकुरको मुख्य खानाका रूपमा रहेको छुर्पी नेपालबाट ठूलो मात्रामा निर्यात हुने गरेको छ । आव २०८०/८१ रु ३८ लाख ५४ हजारबराबरको छुर्पी बिक्री गरेको सहकारीले अघिल्लो वर्षको तुलनामा यस वर्ष रु १६ लाखभन्दा बढीको छुर्पी बिक्री गरेको छ । दुग्ध सहकारीले यस वर्ष रु १० करोड ९९ लाख १७ हजार ८५५ बराबरको दूध र दुग्धजन्य वस्तुको कारोबार गरेको छ । उनका अनुसार सहकारीबाट दूध, दही, घ्यू, पनिर, छुर्पी र खुवाको उत्पादन हुँदै आएको छ । त्यसमध्ये अन्तर्राष्ट्रिय बजारमा सहकारीको छुर्पीको माग उच्च छ । छुर्पीको माग बढेपछि सैले एक वर्षमा रु १६ लाखको छुर्पी उत्पादनमा वृद्धि गरेको हो । दुग्ध सहकारी सैले बागलुङका १५ सहकारी संस्थाको दूध संकलन गरेर दूध र दुग्धजन्य वस्तुको बिक्री गर्दै आएका छन् । जसमा एक हजार ५०० भन्दा बढी किसान आबद्ध छन् । हाल सहकारी सैले छुर्पी प्रतिकिलो रु एक हजार २०० मा बिक्री गर्दै आएको छ ।

सहकारीमा आबद्ध किसानले दूधको मूल्यमा समानता र बजारको सुनिश्चिता भएकाले हौसला मिलेको बताएका छन् । सहकारी सैमा १७ कर्मचारीले सङ्कलित दूध बागलुङ बजारका घरघरमै लगेर बिक्री गर्ने गरेको अध्यक्ष गौतमले बताए । यस्तै आव २०७९र८० मा रु २९ लाखको छुर्पी निर्यात गर्न सफल भएको थियो ।

**-रासस**

# गड्यौला मल उत्पादनबाट मनग्य आम्दानी गर्दै उत्तम



कञ्चनपुरको भीमदत्त नगरपालिका-१२ का उत्तम सुनारले गड्यौलाको मल उत्पादन गरेर मनग्य आम्दानी गर्न थालेका छन् । सुदूरपश्चिम विश्वविद्यालयमा बीबीएस तेस्रो वर्षमा अध्ययनरत सुनारले इन्टरनेटको माध्यमबाट सिकेर गड्यौला मल उत्पादन गर्न लागेका हुन् । 'अध्ययन गर्दैगर्दा केही गरेर आम्दानी गर्ने सोच आयो, त्यसपछि इन्टरनेटमा के गर्दा ठीक होला भनेर खोज्न थालेँ', उनले भने, 'गड्यौला मल उत्पादनबाट कम लगानीमा बढी आम्दानी गर्न सकिने थाहा पाएपछि यसतर्फ लागेँ ।' सुनारले दुई वर्षअघि चार लाख लगानीमा चार ब्याडबाट मल उत्पादन शुरू गरेको बताए । उनले चार ब्याडबाट राम्रो आम्दानी भएपछि मल उत्पादन थप गरेर २५ ब्याडमा विस्तार गरेका छन् । 'माग धेरै आउन थालेपछि मल उत्पादन बढाएको छु, तर पनि बजारको माग धान्न सकिएको छैन', उनले भने, 'किसानले रासायनिक मलको विकल्पमा गड्यौला मल प्रयोग गर्न थालेपछि यसको माग धेरै आउने गरेको छ ।' उनले उत्पादन गरेको मल कैलालीसम्म बिक्री हुने गरेको बताए ।

पछिल्लो समय तरकारीखेती, बगरखेती, बेमौसमीखेती गर्ने किसानले मलको माग गर्ने गरेको उनले बताए । 'शुरूआतमा करिब चार लाख लगानी गरेको थिएँ, त्योभन्दा बढी आम्दानी गरिसकेको छु', उनले भने, 'एक महिनामा मात्र एक लाख ५० हजारको मल बिक्री गरेको छु, यसरी बिक्री भयो भने वर्षमा सात लाखसम्म आम्दानी हुन्छ ।' सुनारले तीन महिनामा ४८ क्विन्टल बढी मल बिक्री गरेको बताए ।

गड्यौला मल प्रतिकिलो २५ रूपैयाँका दरले बिक्री हुने गरेको छ । 'बजारको मागअनुसार उत्पादन गर्न सकिएको छैन, मलका लागि जुल्लाबाट समेत माग आउने गरेको छ', उनले भने, 'मल उत्पादन थप गर्ने योजना बनाएको छु ।' गड्यौला मलको प्रयोगले उत्पादन राम्रो हुने भएपछि पछिल्लो समय किसानले खेतीमा गड्यौला मल प्रयोग गर्ने गरेका छन् । उक्त मलले माटोको उर्वराशक्ति बढाउनुका साथै कम लागतमा उत्पादनमा वृद्धि र मानवीय स्वास्थ्य तथा वातावरणीय सुधारका निम्ति पनि यो उत्तम छ ।

पल्लो समय किसानले रासायनिक मलको विकल्पका रूपमा यो मल प्रयोग गर्ने गरेका छन् । गड्यौला मलमा एन्टिबायोटिक, भिटामिन, हर्मोन प्राप्त हुने भएकाले अरू मलभन्दा यो बढी गुणस्तरीय मानिन्छ । यस मलमा सामान्य माटोमा पाइने नाइट्रोजनभन्दा पाँच गुणा, फस्फोरसभन्दा सात गुणा र पोटासभन्दा ११ गुणा बढी मात्रामा पाइने कारण खेतीबालीका लागि बहुउपयोगी मानिएको छ ।

**-लोकान्तर डटकम**

# राष्ट्रिय बाल दिवस विभिन्न कार्यक्रम गरी मनाइँदै




**पाल्पा,** भदौ २८/आज विभिन्न कार्यक्रमहरुको आयोजना गरी ६१ औं राष्ट्रिय बाल दिवस मनाइँदैछ । हरेक बर्ष नेपालमा भदौ २९ गते राष्ट्रिय बाल दिवस मनाउने गरिएको हो ।

दिवसको अवसरमा सरकारी तथा गैरसरकारी संस्थाहरूले विभिन्न कार्यक्रमको आयोजना गरेका छन् । नेपालले बालअधिकारसम्बन्धी महासन्धी १९८९ लाई सेप्टेम्बर १४, १९९० मा अनुमोदन गरेर बालबालिकाको विकास, बालअधिकारको संरक्षण तथा बालसहभागिता जस्ता विषयमा आफ्नो अन्तर्राष्ट्रिय प्रतिवद्धता प्रकट गरेको दिनकै अवसरमा यो दिवस मनाउने गरिन्छ । नेपालमा हरेक बर्ष बाल दिवस मनाइँदै आए पनि बालबालिकाको अवस्थामा खासै सुधार भने हुन सकेको पाइदैन । अझैपनि बालश्रम शोषणको घटना उत्तिकै छ भने सडकबालबालिका देखि बालबालिकाको बेचविखन तथा विद्यालय जान पाउने अधिकारबाट बञ्चित बालबालिकाको संख्या ठूलो रहेको छ । सरकारले अहिलेसम्म बालबालिकाको क्षेत्रमा कुनै पनि खास अध्ययन अनुसन्धान गरेको पाईदैन ।

बरु उसले प्रत्येक वर्ष सार्वजनिक सञ्चार माध्ययममा आएका घटना समेटेर सार्वजनिक गर्दै आइरहेको छ । सरकारी तथ्याङ्क भन्दा धेरै घटना भने अझै समाजबाट बाहिर आउन सकेका छैनन् । तर पनि सार्वजनिक भएका तथ्याङ्कलाई हेर्दा चिन्ताजनक अवस्था रहेको पाइन्छ । बालश्रम, बलात्कार, मृत्यु, बाल विवाह, हत्या, बेचविखन तथा ओसार-प्रसार, कुपोषण, गर्भपतन, आत्महत्या, अपहरण र शारीरिक सजाय जस्ता बालबालिका सम्बन्धी घटनाहरु हुने गर्दछन् ।

संविधानले बालबालिकाको हकलाई मौलिक हकका रूपमा व्यवस्था गरी बाल बचाउ, बाल संरक्षण, बालविकास र बाल सहभागिताजस्ता विषय समेटी सर्वाङ्गीण विकासको प्रत्याभूत गरेको छ । संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ तथा अन्य बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा गरेको प्रतिबद्धताअनुरूप सरकारले बाल अधिकारसम्बन्धी नीति तथा कानुन तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ ।

खेलकुद समाचार

## इङ्ग्ल्यान्डले दक्षिण अफ्रिकालाई हरायो



**काठमाडौं,** भदौ २८/इङ्ग्ल्यान्डका लागि फिल साल्टले अहिलेसम्मकै उच्च स्कोर र छिटो शतक बनाएपछि हिजो भएको दोस्रो टी-२० क्रिकेटमा दक्षिण अफ्रिका एक सय ४६ रनले पराजित भएको छ । म्यानचेस्टरमा भएको खेलमा साल्टले ६० बलमा एक सय ४१ रन बनाएपछि इङ्ग्ल्याण्डले दक्षिण अफ्रिकालाई तीन सय पाँच रनको लक्ष्य दिएको थियो । यो इङ्ग्ल्याण्डको टी-२० इतिहासकै सबैभन्दा उच्च स्कोर हो भने दुई टेस्ट देशबीचको टी-२० खेलमा सबैभन्दा उच्च योगफल हो । तर समग्रमा टी-२० खेलमा तेस्रो सर्वाधिक योगफल हो ।

टी-२० खेलमा सर्वाधिक योगफल जिम्बाबेले गाम्बियासँगको खेलमा तीन सय ४४ रन बनाएको थियो । त्यस्तै दोस्रो सर्वाधिक योगफल नेपालले मङ्गोलियासँग तीन सय १४ रन बनाएको थियो । इङ्ग्ल्याण्डले २० ओभरमा २ विकेट गुमाएर तीन सय ४ रन बनाएपछि जितका लागि तीन सय ५ रनको लक्ष्य पछ्याएको दक्षिण अफ्रिका १६ ओभर एक बलमा एक सय ५८ रनमै अलआउट भयो । वर्षाले प्रभावित पहिलो टी-२० खेलमा दक्षिण अफ्रिकाले इङ्ग्ल्याण्डलाई १४ रनले हराएको थियो । यी दुई देशबीचको तेश्रो तथा निर्णायक टी-२० खेल भोलि हुनेछ ।

अर्थ/कर्पोरेट समाचार

## बैंक र रिसोर्टबिच संस्थागत परामर्श सम्बन्धी सम्झौता



**पाल्पा,** भदौ २८/मुक्तिनाथ क्यापिटल र काउले भाइनयार्ड रिसोर्ट प्रालिबीच संस्थागत परामर्श सेवासम्बन्धी दुईपक्षीय सम्झौता भएको छ । कम्पनीले संस्थागत परामर्श सेवासहित पुँजी संरचना परिवर्तन तथा व्यवस्थापनलगायतका कार्य गर्न आवश्यक परामर्श दिइने गरी सम्झौता भएको हो ।

सम्झौतामा काउले भाइनयार्डका निर्देशक इन्द्रवीर महर्जन र मुक्तिनाथ क्यापिटलका प्रमुख कार्यकारी अधिकृत कवीन्द्रध्वज जोशीले उक्त हस्ताक्षर गरेका थिए । सार्वजनिक निष्कासन तयारी तथा व्यवस्थापनका लागि महत्वपूर्ण पक्ष समावेश गरिएको रिसोर्टले जनाएको छ । धादिङमा अवस्थित काउले भाइनयार्ड रिसोर्ट नेपालको पहिलो अंगुर खेतीमा आधारित पर्यटन स्थल तथा नेपालको वाइन उद्योगलाई अन्तर्राष्ट्रिय स्तरमा पुर्‍याउने लक्ष्य लिएको छ ।

काउले भाइनयार्ड रिसोर्टले आधुनिक प्रविधि र परम्परागत शैलीलाई मिश्रण गरी अंगुर खेती एवं वाइन उत्पादनका साथै पर्यटकलाई अंगुर बगैंचाको अवलोकन, वाइन टेस्टिङ, स्थानीय परिकार, होम-स्टे अनुभव र प्रकृति नजिकको विश्राम अवसर उपलब्ध गराउँदै आएको छ ।


कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८२ श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

#### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

#### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

#### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

#### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक
कैलाशनगर मिडिया प्रा.लि.
ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१



मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



वर्गिकृत डिस्प्ले
*१X५ साइजमा मात्र*
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१



## बालअधिकार सुनिश्चित गरौं

**बालअधिकार:**

- शिक्षा, स्वास्थ्य र पालनपोषणको अधिकार,
- हिंसा र शोषणबाट जोगिने अधिकार,
- अभिव्यक्ति र सहभागिताको अधिकार,
- माया, स्नेह र संरक्षण पाउने अधिकार,
- खेल र मनोरञ्जनको अधिकार ।

त्यसैले,

- बालश्रम अन्त्य गरौं,
- सबै बालबालिकालाई विद्यालय पुर्‍याऔं,
- बालबालिकाको आवाज सुन्ने संस्कार बसालौं,
- बालमैत्री समाजको निर्माण गरौं,

“आजका बालबालिका भोलिका कर्णधार”

नेपाल सरकार
विज्ञापन बोर्ड



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारिक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई